# न्याय परिषद सचिवालय

रामशाहपथ, काठमाडौं

सचिव : ४२००७७८
सह–सचिव (प्रशासन) : ४२००७८१
सह–सचिव (उजुरी) : ४२००७८२
कार्यालय : ४२००७७५
: ४२००७७६
: ४२००७७७
फयाक्स : ४२००७७९


पत्र संख्या :-
चलानी नं. :-

न्याय परिषद
सचिवालय
२०४८

## न्याय परिषद सचिवालयको स्पष्टोक्ति

न्याय परिषदबाट हालै गरिएको जिल्ला अदालतका न्यायाधीशहरूको सरुवा सम्बन्धी सिफारिसको सन्दर्भलाई लिएर केही संचार माध्यममा प्रकाशन भएको भ्रामक र अतिरञ्जनापूर्ण समाचारप्रति यस सचिवालयको ध्यानाकर्षण भएको छ। न्यायाधीशको सरुवा सम्बन्धी निर्णय न्यायपालिकाको संस्थागत प्रस्ताव बमोजिम न्याय परिषदको सामूहिक विवेकबाट गरिएको हो। यसरी गरिएको सरुवाको कुनै पनि प्रसंगमा भुटानी शरणार्थी सम्बन्धी मुद्दा वा अन्य कुनै खास मुद्दाको विषय जोडिएको छैन। अमुक मुद्दामा आदेश गरेको कारणबाट न्यायाधीशको सरुवा भएको भनी प्रकाशन भएका असत्य, कपोलकल्पित र भ्रामक समाचारको न्याय परिषद सचिवालय प्रस्ट शब्दमा खण्डन गर्दछ। सरुवाको विषयमा परिषदका खास सदस्य/पदाधिकारीको आग्रह, अडान वा दवाव रहेको भनी प्रकाशन भएको समाचार वास्तविक सत्य-तथ्यमा आधारित छैन। संस्थागत आवश्यकता, समग्र कार्यक्षमताको संस्थागत मूल्याङ्कन, सरुवाको सामान्य प्रचलन लगायतका विविध पक्षमा विचार गरी उपयुक्तताको आधारमा परिषदबाट गरिने सरुवा सम्बन्धी सिफारिस जस्ता नियमित र स्वाभाविक जनशक्ति व्यवस्थापनको विषयमा सर्वसाधारणमा अनावश्यक भ्रम पैदा हुने गरी समाचार सामग्री सञ्चार माध्यमबाट सम्प्रेषण नगरिदिनु हुन सम्बन्धित सबैमा न्याय परिषद सचिवालय हार्दिक अनुरोध गर्दछ ।

मितिः- २०८०।०६।०८

(मानवहादुर कार्की)
प्रवक्ता